लेनदेनको विगो नं.-१२ (०८०/८१)

# तेह्रथुम जिल्ला अदालत

## लिलाम वढावढको सुचना

वादी जिल्ला तेह्रथुम म्याङलुङ नगरपालिका वडा नं.१०बस्ने बृख बहादुरको नाति, उपेन्द्र प्रसादको छोरा वर्ष ४१ को टिकाराज नेपाल तथा प्रतिवादी जिल्ला तेह्रथुम म्याङलुङ नगरपालिका वडा नं.१ बस्ने गौरी मानको बुहारी, दशरथको श्रीमती वर्ष ५० की विष्णु माया थापा नेपाल भएको लेनदेनको विगो मुद्दामा तेह्रथुम जिल्ला अदालतको मिति २०७७/११/१० गतेको फैसला बमोजिम वादी टिकाराज नेपालले प्रतिवादी विष्णु माया थापा नेपालबाट लेनदेनको विगो वापत रु.१,००,०००/- (एक लाख रुपैयाँ) र लिखत मितिबाट भरिभराउको मिति सम्म कानुनबमोजिम वार्षिक १०% ब्याज समेत भरिपाउने ठहरेकोले वादीले भराइपाउने विगो वापतको रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा बादीले फैसला अनुसार प्रतिबादीबाट भरि पाउने बिगो प्रतिवादीका श्रीमान दशरथ नेपाल तथा छोराहरु प्रकाश नेपाल र वसन्त नेपाल नाम दर्ताको तपशिलमा उल्लेखित सम्पत्तिबाट असुल उपर गरि पाऊ भनि दरखास्त परी कारवाही भई प्रतिवादीको उक्त सम्पती २०८१/०३/०६ गते यस अदालतमा दोस्रो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

### तपशिल

१. यस अदालतको तहसिल शाखामा मिति २०८१/०३/०६ गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।

२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।

३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ ।

४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ ।बाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ ।

५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।

६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

### डाँक लिलाम हुने सम्पत्तिको विवरण

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./ न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | दशरथ नेपाल | म्याङलुङ-५ | ६५५ | ४-१-२-३ | विगो रकमले खामेजति | पञ्चकृति मुल्याङ्कन बमोजिम | |
| २ | दशरथ नेपाल | म्याङलुङ-५ | ६१७ | ८-१५-१-३ | | | |
| ३ | प्रकाश नेपाल र वसन्त नेपाल | म्याङलुङ-५ | ६५६ | १४-२-३-२ | | | |

### सूचना टाँस हुने

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- म्याङलुङ, गा.वि.स. वडा नं. ५ को कि.न. ६५५ समेतको जग्गा
- म्याङलुङ नगरपालिका वडा नं. १ को कार्यालय
- अदालतको सूचना पाटी

ईती संम्बत २०८१ साल जेठ १६ गते रोज ४ शुभम.............................................